# पाल्हीनन्दन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुश्मा, नवलपरासी; (बर्दघाट सुस्ता पश्चिम),५ नं. प्रदेश

प. सं. : ०७५/०७६

च. नं. : २८६

मिति : २०७५/०६/०७

श्री वडा कार्यालय ( सवै )

पाल्हीनन्दन गाउँपालिका, कुश्मा, न. प.

विषय : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी २०७५ सम्बन्धमा ।

प्रस्तुत विषयमा, सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२ खारेज भई सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ मिति २०७५/ ०४/२३ देखि लागु भएको सन्दर्भमा सम्पुर्ण सम्बन्ध पक्षहरुको जानकारीको लागि यो सुचना जारी गाीएकोछ ।

कार्यविधीको परिच्छेद ३ को उपदफा २ अनुसार नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त राष्ट्यि तथा अन्तराष्ट्यि संघ संस्था वा नेपाल सरकारसंग सम्बन्भ स्थापित भएका मित्र राष्ट्र वा तीनका निकायबाट मासिक रुपमा तलब, भत्ता, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाइरहेका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता पाउने छैनन् तथा उपदफा ३ अनुसार उपदफा १ मा जे जस्तो कुरा कुरा लेखिएको भएता पनि कुनै वालवालिकाको आमा वा बाबु मध्ये कुनै एक सरकारी वा औपचारिक सेवामा कार्यरत भएका वा कुनै व्यवसाय दर्ता गरी सञचालन गरिरहेको भएमा यो भत्ता प्राप्त हृने छैन भनी उल्लेख भए अनुसार तथा कार्यविधि बमोजिम योग्यता नपुगेका लाभग्राहीहरुले वडामा यस प्रकारको सुविधा पाइरहेका तथा अब पाउने भनी लगत कायम भएका सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले अब उपरान्त सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नमिल्ने हुदाँ ती लाभग्राहीहरुले आफ्नो वडामा स्वयम उपस्थित भई वा परिवारका सदस्यहरुलाई पठाई वा वडा सदस्य मार्फत जानकारी गराई आफ्नो लगत कट्टा गर्नुहुन जानकारी गराइन्छ ।

यो सुचना तथा निर्देशनलाई बेवास्ता गरी सामाजिक सुरक्षा भत्ता पाइरहेका लाभग्राहीहरुले भविष्यमा समेत भत्ता प्राप्त गर्ने उद्देश्यले वडा कार्यालयमा लगत कट्टा नगरेमा वडा समितिको निर्णय अनुसार लगत कट्टा भै जाने तथा लगत कट्टा नभइ भत्ता पाइरहेको प्रमाणित भएमा कानुन बमोजिम हुने तथा भत्ता रकम समेत सम्बन्धित पक्ष संग सरकारी बाकी सरह असुलउपर गरिने व्यहोरा जानकारी गराईन्छ ।

दुर्गा पौडेल

प्रमुख प्रशासकिय अधिकृत

web site : www:palhinandanmun.gov.np., email:palhinandanrulmun2073@gmail.com ph. no. : 9857046036